प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**भूकम्पबाट जोगिन सचेत बनौं**

- भूकम्पको वेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती,खाजा) तयार गरेर राखौ,
- भूकम्पको सम्भावित जोखिमवाट बचौं र बचाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ३३३ ॥ २०८१ माघ १४ गते सोमबार (27th Jan 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# पाथीभरा झडपपछि आन्दोलित मुक्कुम्लुङ संरक्षणकारीद्वारा बन्द घोषणा

झापा(प्रस) । मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समिति, केबलकार खारेजी संयुक्त संघर्ष समितिलगायतका ६ वटा संस्थाले माघ १५ गते मंगलबारदेखि मेची राजमार्ग र तमोर करिडोरमा अनिश्चितकालीन यातायात बन्दको घोषणा गरेका छन् ।

पाथीभरामा शनिबार भएको झडपको विरोध, केबलकार निर्माण कम्पनी फिर्तालगायतका माग राख्दै मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समिति , पाथीभरा केवलकार खारेजी संयुक्त संघर्ष समिति , किरात याक्थुङ चुम्लुङ , थरगत संस्था (याक्थुङ सयङ) सहजीकरण समूह र किरात धर्म तथा साहित्य उत्थान संघले संयुक्त विज्ञप्ति प्रकाशित गरी बन्दको आह्वान गरेका हुन् ।सात बुँदे आन्दोलनको कार्यक्रममा उनीहरुले मेची राजमार्ग, तमोर करिडोर र तेह्रथुमबाट ताप्लेजुङतर्फ छिर्ने नाकाहरुमा अनिश्चितकालीन यातायात बन्दको आह्वान गरेका हुन् ।

चन्द्र ढकालले सञ्चालन गरेको आइएमई बैंकको खाता बन्द गर्न आह्वान गरेका छन् भने माघ १४ गते बैंकको अगाडि शान्तिपूर्ण धर्ना दिने बताएका छन् । ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, झापा, मोरङ, सुनसरीको ग्लोबल आइएमई बैंक बन्द गर्नुपर्ने माग पनि राखेका छन् ।

चन्द्र ढकाल र उनका कार्यकर्ता रुद्र पौडेललाई ताप्लेजुङ प्रवेश निषेध गर्ने, फुङलिङ नगरपालिकाका मेयर अमिर मादेनलाई जिल्ला बाहिर प्रवेश निषेध



गर्ने, पाथीभरा क्षेत्र विकास समिति खारेज गर्नुपर्ने, ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी र सशस्त्र प्रहरी प्रमुखले माफी माग्नुपर्ने र कारबाही गर्नुपर्ने तथा राज्य आतंक, प्रहरी दमन र ज्यादती, केबलकार निर्माण खारेजीका विषयमा कोणसभा गर्ने उल्लेख छ ।

शनिबार 'नो केबलकार समूह' र प्रहरीबीच दुई पटक झडप भएको थियो । झडपका क्रममा गम्भीर घाइते तीन जनालाई उपचारका लागि काठमाडौं पुऱ्याइएको छ । जिल्ला अस्पताल ताप्लेजुङमा प्राथमिक उपचारपछि शनिबार राति स्वास्थ्यकर्मी र सुरक्षाकर्मीसहितको टोलीले नोबेल अस्पताल पुऱ्याएको थियो । नोबेलबाट नेपाली सेनाको वायुयानबाट काठमाडौं लगिएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

तेह्रथुमको म्याङलुङ नगरपालिकाका यामबहादुर लिम्बू, पाँचथरको मिक्लाजुङ-५ का सगुन लावती र फुङलिङ-८ दोखुका धर्मेन्द्र पालुङ्वालाई उपचारका लागि काठमाडौ लगिएको छ । लिम्बू र लावतीलाई गोली लागेको छ । लावतीको खुट्टामा र लिम्बूको कोखमा गोली लागेको जनाइएको छ । पालुङ्वाको भने कुममा चोट लागेको अस्पतालले जनाएको छ ।

झडपका क्रममा घाइते मेरिङदेन गाउँपालिकाका विशाल श्रेङ लिम्बू र पाँचथरको मिक्लाजुङ-५ का मंगल लावती उपचारपछि ताप्लेजुङ अस्पतालबाटै फर्किएका छन् ।

नेपाल प्रहरीका इन्स्पेक्टर रोहित शर्मासहित जवानसम्मका १२ र सशस्त्र प्रहरीका ९ जना घाइते भएको प्रहरी नायव उपरीक्षक रवि रावलले जानकारी दिए । दुवै पक्षले आफ्नो कारणले झडप नभएको दाबी गरेका छन् ।

आन्दोलनकारीले ढुंगामुढा गरेर गुलेली हानेपछि गोली हान्न बाध्य भएको प्रशासनले जनाएको छ भने नो केबलकार समूहले शान्तिपूर्ण आन्दोलनको तयारी गरिरहँदा प्रहरीले अन्धाधुन्ध आक्रमण गरेको दाबी गरेको छ ।

संयुक्त विज्ञप्तिमा शनिवार साँझ खाना खाइरहेको अवस्थामा गोली चलाएको र कुटपिट गरी थुप्रैलाई घाइते बनाएको दावी गरिएको छ । लक्ष्मण लिम्बू र चन्द्रसागर लिम्बूलाई ताप्लेजुङ प्रहरीले हिरासतमा राखेको छ भने कतिपय घाइतेहरू सम्पर्कमा आउन नसकेको जनाइएको छ ।

यसैबीच राष्ट्रिय मानव अधिकार प्रतिष्ठानले पाथीभरा क्षेत्रमा भएको घटनाप्रति गंभीर ध्यानाकर्षण भएको जनाएको छ । प्रतिष्ठानले एक प्रेस विज्ञप्ति जारी गरी घटनाका सम्बन्धमा तत्काल आन्दोलनरत पक्षसंग संवाद गरी समस्याको समाधान खोज्न सरकारसमक्ष माग गरेको छ । साथै संयमता अपनाउन आन्दोलनरत पक्षसमक्ष अपिल गरेको छ ।

यसैगरी नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) प्रदेश नं १ समितिले प्रेस विज्ञप्ति जारी गरी मुक्कुम्लुङ संरक्षण अभियन्ता र सरकार पक्षबीच वार्ता गरी मुक्कुम्लुङको अस्तित्व कायम राख्न र घाइतेहरूको उपचार सरकारबाटै गराउन माग गरेको छ ।

# मानव अधिकार आयोगद्वारा अनुगमन

झापा(प्रस)। राष्ट्रिय मानव अधिकार आयोगले ताप्लेजुङको पाथीभरा क्षेत्रमा भएको झडपको अनुगमन गरेको छ । फुङलिङ नगरपालिका ११ पाथीभरा क्षेत्रमा केबलकार बनाउने विषयलाई लिएर शनिवार विवादको क्रममा झडप हुँदा प्रदर्शनकारी र सुरक्षाकर्मी दुवैतर्फ घाइते भएका थिए । सो घटनाप्रति ध्यानाकर्षण भएको जनाउँदै आयोगको कोशी प्रदेश कार्यालयले अनुगमन गरिरहेको जनाएको छ । यस सम्बन्धमा स्थानीय आदिवासी समुदायले पाथीभरा क्षेत्र स्थानीय लिम्बू याक्थुङ समुदायको सांस्कृतिक एवम् आध्यात्मिक विश्वासको केन्द्र रहेको हुँदा यसको ऐतिहासिक नाम मुक्कुम्लुङ नै राख्नुपर्ने, केबुलकार निर्माण कार्य बन्द गर्नुपर्ने, विकास निर्माणका कार्य गर्दा




आदिवासी समुदायबाट अग्रिम जानकारीसहितको स्वतन्त्र, सुसूचित सहमति लिनुपर्ने जस्ता माग पेश गरेका छन् । प्रहरीको गोली लागेर घाइते भएका सगुन लावती, यमबहादुर लिम्बू र धर्म पालुङ्वाको अवस्था गम्भीर रहेको, गम्भीर घाइते भएकाहरुलाई उपचारका लागि त्रि.वि. शिक्षण अस्पताल पठाएको, प्रदर्शनकारीतर्फका अन्य दुईजना घाइतेको ताप्लेजुङ अस्पतालमा उपचार भई डिस्चार्ज गरिएको र अन्यको अवस्था सामान्य रहेको अनुगमनका क्रममा पाइएको आयोगले जनाएको छ । प्रहरीतर्फका ७ जनाको ताप्लेजुङ अस्पतालमा उपचार भइरहेको र अन्यको अवस्था सामान्य रहेको पाइएको छ ।

यसअघि आयोगले गत मंसिर २ देखि ८ गतेसम्म स्थलगत अनुगमन गरी वार्ता र सहमतिपश्चात् मात्र निर्माण कार्य अगाडि बढाउन सुझाव दिएको थियो । आयोगका सहसचिव प्रवक्ता डा. टीकाराम पोखरेलले प्रेस विज्ञप्ति जारी गरी विकास निर्माणको क्रममा आउन सक्ने यसप्रकारका असहमति र विवादको समयमै पहिचान र सम्बोधन गर्न आग्रह गरेका छन् ।

विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्न , झडपको क्रममा घाइते व्यक्तिहरुको निःशुल्क र प्रभावकारी स्वास्थ्योपचारको व्यवस्था गर्न, एक आपसमा देखिएका विवाद र असहमतिहरुलाई सार्थक वार्ता र संवादको माध्यमबाट समाधान गर्न विज्ञप्तिमा नेपाल सरकारलगायत सम्बन्धित पक्षलाई आग्रह गरिएको छ । साथै, प्रदर्शनलाई शान्तिपूर्ण बनाउन प्रदर्शनरत पक्षलाई समेत अनुरोध गरिएको छ ।

# सगरमाथा चढ्न विदेशीले झन्डै २१ लाख सलामी तिर्नुपर्ने

झापा(प्रस) । अब विदेशी नागरिकका निम्ति सगरमाथा चढ्दा लाग्ने खर्च बढ्ने भएको छ । सरकारले विदेशी आरोहीका लागि प्रतिव्यक्ति साढे पाँच लाखभन्दा धेरै दस्तुर बढाएको हो । यसअघि विदेशी नागरिकले नेपाल राष्ट्र बैंकले जारी गरेको शुक्रबारको सटही दर अनुसार १५ लाख १७ हजार ७ सय ८० रुपैयाँ दस्तुर बुझाउँथे । अब भने यस्तो दस्तुर २० लाख ६९ हजार ६ सय ७६ रुपैयाँ पुगेको छ ।२०२४ को वसन्तकालीन सिजनमा सगरमाथामा ४ सय १९ जनाले अनुमति लिएका थिए । जसमध्ये विदेशी नागरिकको संख्या ३ सय ४३ रहेको थियो । पुस २४ गतेको मन्त्रिपरिषद् बैठकले पर्वतारोहणसम्बन्धी नियमावलीलाई छैटौं पटक संशोधन गर्दै सलामी दस्तुर वृद्धि गरेको विभागका महानिर्देशक नारायणप्रसाद रेग्मीले बताए । यो नियम २०८२ भदौ १६ देखि लागू हुनेछ ।

सगरमाथा आरोहणमा सरकारले उठाउने सलामी रकम सस्तो भएका कारण भीडभाड लाग्ने, फोहोरमैला बढेको लगायत गुनासो बढेपछि सरकारले विदेशी आरोहीबाट संकलन गरिने दस्तुर वृद्धि गरेको हो । नियमावलीले संशोधन गरेका बिमा लगायत अन्य बुँदा तत्कालै लागू भए पनि अहिलेको वसन्तकालीन हिमाल आरोहण सिजनमा सलामी दस्तुर रकमको नियम नयाँ लागू नभई पुरानै लागू हुने लेखिएको छ । नियमावलीले पर्वतीय पथप्रदर्शक र उचाइमा जाने कामदारलाई आरोहण कम्पनीले दिने दैनिक भत्ता, बिमा लगायत शुल्कमा पनि वृद्धि गरेको छ । अब आधार शिविरभन्दा माथि लैजाने मालसामानको संख्या र वजन पनि खुलाउनु पर्नेछ । त्यस्तै नयाँ कीर्तिमान

❖ बाँकी अन्तिम पृष्ठमा

# भद्रपुरमा आलु खेती प्रवर्द्धन कार्यक्रम सफल बन्दै



**• द्रोण अधिकारी**

भद्रपुर । तरकारीमा आत्मनिर्भर नगर बनाउन लागिरहेको भद्रपुर नगरपालिकाले पछिल्ला वर्षहरूमा आलु खेतीमा गरेको लगानी सफल हुँदै गइरहेको छ ।

कृषि विकास शाखामार्फत चालु आर्थिक वर्षमा सञ्चालन गरेको "खाद्यान्न बाली आलु खेती प्रवर्द्धन कार्यक्रम" अन्तर्गत किसानहरूलाई आलु खेतीमा प्रोत्साहन गर्न थालेपछि उत्पादन बढ्दा नगरको लगानीले सार्थकता पाउन थालेको हो ।

। नगरपालिकाले किसानहरूको आर्थिक सशक्तीकरण र स्थानीय उत्पादन वृद्धि गर्ने उद्देश्यले प्रतिकठ्ठा आलु खेती गर्ने किसानलाई २,००० रुपैयाँ प्रोत्साहन अनुदान उपलब्ध गराउन थालेपछि आलु खेतीमा आकर्षण बढ्न थालेको छ ।

नगरपालिकाको प्राविधिक टोलीले प्रत्येक वडाका किसानहरूको खेती निरीक्षण गरी उत्पादनलाई गुणस्तरीय बनाउने काममा समेत सहयोग गरिरहेका छन् ।

भद्रपुर ३ स्थित मेचीपारी रहेको बैशावारीका किसानले बढी मात्रामा आलु खेती कार्यक्रमको लाभ उठाइसकेको कृषि शाखाको विवरणले देखाएको छ । यस कार्यक्रमले भद्रपुर नगर क्षेत्रमा आलु उत्पादनमा उल्लेखनीय सुधार ल्याएको शाखाका कर्मचारी सुमन विमलीले जानकारी दिए । उनका अनुसार किसानहरूले यस कार्यक्रमलाई अत्यन्त सकारात्मक रूपमा लिएकाले आलुको उत्पादन वृद्धि भएर स्थानीय बजारलाई पनि थप प्रतिस्पर्धी बनाउने वातावरण निर्माण भएको छ । नगरपालिकाले चालु आर्थिक वर्षमा यस कार्यक्रमका लागि २० लाख रकम विनियोजन गरेर कार्यक्रम संचालन गरिरहेको छ ।

कार्यक्रमबारे नगर प्रमुख गणेश पोखरेलले आलु खेती प्रवर्द्धन कार्यक्रम नगरपालिकाको कृषि क्षेत्रमा आमूल परिवर्तन ल्याउने परियोजनामध्ये एक भएको बताए । प्रमुख पोखरेलले किसानहरूले गरेको लगानीलाई सम्मान गर्दै उनीहरूलाई प्रत्यक्ष रूपमा आर्थिक सहयोग गर्दै आएको जानकारी दिए । उनका अनुसार यस कार्यक्रमले उत्पादनलाई मात्र नभई किसानहरूको जीविकोपार्जन र आत्मनिर्भरतालाई समेत बलियो बनाउनेछ । आगामी दिनमा यस्ता अन्य योजनाहरू पनि संचालन गर्दै भद्रपुर नगरलाई कृषि उत्पादनको आत्मनिर्भर पालिका बनाउने लक्ष्य समेत सुनाए ।

यस योजनाबाट भद्रपुरका कृषकहरूको आयस्तरमा समेत सुधार भएको छ भने आलुको उत्पादनले बजारमा माग धान्न सक्ने सम्भावना बढेको छ । किसानहरूको भनाइमा आलु खेतीको लागि सरकारले दिएको आर्थिक सहयोगले उत्साह दोब्बर भएको छ भने कृषि क्षेत्रलाई आधुनिकतातर्फ अघि बढाउन सहयोग मिलेको छ ।

# गगन आधारभूत विद्यालयका शिक्षकले पाएनन् तलब

झापा(प्रस) । झापाको कचनकवल -७ सिधागुरीमा अवस्थित गगन आधारभूत विद्यालयका शिक्षकहरुले तलव पाएका छैनन् । विद्यालय व्यवस्थापन समिति अध्यक्ष कनकप्रसाद राजवंशी र प्रधानाध्यापक देवनारायण राजवंशीविचको विवादका कारण माघको दोस्रो साता अन्त्य हुँदासम्म शिक्षकहरुले तलव नपाएका हुन् ।

हरहिसाब नमिलेको भन्दै कचनकवल गाउँपालिकाले तलब रोक्का गरेको प्रधानाध्यापक राजवंशीले बताए । गत वर्ष मात्र सोही विद्यालयका पूर्व प्रधानाध्यापक लिलाबल्लभ भट्टराईसंग व्यवस्थापन



समिति अध्यक्ष राजवंशीको विवाद हुँदा लामो समय पठनपाठनमा अवरोध भएको थियो । भट्टराईले पढाउने वातावरण नभएको भन्दै सो विद्यालयवाट सरुवा लिएर लक्ष्मी मावि गएका थिए। पूर्व प्रअको राजीनामा आएपछि नयाँ प्रअ राजवंशीसंग पनि उस्तै प्रकृतिको विवाद चर्किँदै गई लामो समयसम्म विवाद यथावत रहेको बताइएको छ। यसवाट विद्यार्थीहरुको पठनपाठनमा असर पर्नुका साथै शिक्षक कर्मचारीहरुले हालसम्म तलब समेत नपाएका हुन् । गाउँपालिकामा समेत महिनौ छलफल हुँदासमेत समस्या समाधान नभई विद्यालयको पढाई एवं दैनिकीमा गम्भीर असर देखिएको छ ।

# दमकमा १ लाख ७६ हजारसहित ७ जना जुवाडे पक्राउ

झापा(प्रस)। झापाको दमकमा ७ जना जुवाडे पक्राउ परेका छन् । शनिवार मध्यरातमा दमक- १० सेतुमारीस्थित खेतमा टिनको छानो भएको वरिपरि घेराबारा नभएको खुला गोठमा जुवा खेलिरहेका अबस्थामा उनीहरु पक्राउ परेका हुन् ।

पक्राउ पर्नेहरुमा मोरङ उर्लाबारी नगरपालिका -९ बस्ने बर्ष ४९ का सुवास भनिने हरिबहादुर दर्जी , सोही ठाउँका



बर्ष ४६ का मित्रबहादुर मोक्तान, बर्ष ३७ का कुमार राई , वडा नं -८ बस्ने बर्ष ३५ का गोस भनिने नारथ लिम्बु , दमक नगरपालिका-१० बस्ने बर्ष ३८ का विकास राई , सोही ठाउँका बर्ष ४५ का घनश्याम खनाल र काठमाडौं महानगरपालिका वडा नम्बर-३४ बस्ने बर्ष ३९ का रिजल लामा रहेका छन् ।उनीहरुको साथबाट १६ थान कौडा र नगद १ लाख ७६ हजार ४९० रुपैयाँ बरामद भएको छ । उनीहरुलाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ । सातैजनालाई अदालतबाट आइतवार म्याद थपेर अनुसन्धान भइरहेको डीएसपी निशान थापाले जानकारी दिए ।

# महोत्सवमा आदिवासी जनजाति मौलिक चिनारी झल्काउँदै

झापा(प्रस) । सामाजिक कार्यकर्ता रुपा राजवंशी राजवंशी समाज विकास समितिकी अगुवा कार्यकर्ता हुन् । जातीय संस्कृति र चिनारीलाई प्रवर्द्धन गर्न राजवंशी समाज विकास समितिमार्फत उनी क्रियाशील छिन् । बिर्तामोड - ५ निवासी रुपा संगठनकी वडा संयोजक पनि हुन् । आफ्नो जातिको संस्कृति र मौलिक चिनारी लिएर उनी यतिवेला बिर्तामोडमा जारी अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा व्यस्त छिन् ।

तराईमा लोकप्रिय खाजा भक्काको स्टल लिएर महोत्सवमा सहभागी उनले आफ्नो संस्थाको व्यानरलाई समेत चिनाउने प्रयत्न गरेकी छिन् । महोत्सवमा आएका अवलोकनकर्ता र ग्राहकलाई भक्का, वैगुन चप र चिया बेचिरहेकी उनले भनिन् -' यो हाम्रो मौलिक चिनारी हो । त्यही भएर राजवंशी समाज विकास समितिको व्यानर राखेका हौं ।'

अर्जुनधारा १० सालवारीकी स्वेता चौधरी घुँगी, भक्का र बगिना बेच्दै यो महोत्सवमा थारु कल्याणकारिणी सभालाई परिचित गराइरहेकी छिन् । मौलिक संस्कृति र




चिनारीलाई प्रवर्द्धन गर्न यस प्रकारका मेला महोत्सवले मद्दत पुऱ्याएको उनको बुझाई छ ।

मेलामा सहभागीले घुँगी र बगिना अधिक रुचाएको स्वेताको भनाई छ । ग्राहक र उपभोक्ताले चिसो मौसममा यो परिकारको बढी माग गर्ने गरेको बताइन्छ । उपभोक्ताहरुले माघ १९ गतेसम्म सञ्चालन हुने महोत्सवमा नेवारी र लिम्बू परिकारका खाद्य सामग्री पनि स्वाद मानेर खाइरहेका छन् ।

उता मेचे सिवियारी आफातले आइतवार दिनभर मुख्य मञ्चबाट आफ्नो मौलिक सांस्कृतिक प्रस्तुति पस्किएको छ । मेचे जाति झापाको पूर्वी भेगमा बसोवास गर्दै आएको नेपालको लोपोन्मुख जाति हो । पछिल्लो राष्ट्रिय जनगणना अनुसार उनीहरुको कूल संख्या ५ हजार एक सय ९३ रहेको छ । विभिन्न जातजातिका अगुवाहरुले महोत्सवभित्र व्यवसयिक स्टलमार्फत मौलिक गरगहना र अन्य उत्पादनका सामग्रीहरुलाई बेचबिखनका लागि सजाएर राखेका छन् । महोत्सवको आयोजक बिर्तामोड उद्योग वाणिज्य संघले आदिवासी जनजातिहरुलाई १० वटा स्टल निःशुल्क उपलब्ध गराएको अध्यक्ष राजु न्यौपानेले बताएका छन् ।

नेपाल आदिवासी जनजाति महासंघको समन्वयमा उनीहरुले महोत्सव अवधिभर आ- आफ्ना कला र संस्कृतिहरु समेटिएका सांगीतिक कोसेली राख्दै आएको बिर्तामोड उद्योग वाणिज्य संघका सदस्य दिनेश श्रेष्ठले जानकारी दिएका छन् । उनलाई महोत्सवको आदिवासी जनजाति संस्कृति संयोजकको जिम्मेवारी समेत दिइएको छ ।

गत माघ ८ गतेदेखि शुरु भएको महोत्सवमा साना ठूला सवारी साधन,पाकिस्तानी छालाका सामग्री, पूर्वी पहाडका कृषिजन्य उपज, स्थानीय सहकारी र महिला समूहका घरेलु उत्पादनदेखि जुम्लाको मार्सी र डोल्पाको भीरमाहुरीको मह समेतले ग्राहकलाई आकर्षित बनाएको छ ।

# एक करोड धरौटी बुझाएर छुटे लामिछाने



झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा रूपन्देही जिल्ला अदालतमा १ करोड रुपैयाँ धरौटी बुझाएर छुटेका छन् ।

जिल्ला अदालत रूपन्देहीका तहसिलदार कुमार खतिवडाका अनुसार लामिछानेले १ करोड रुपैयाँ बैंक धरौटी बुझाएका हुन् । उनले भने, 'प्रतिवादी रवि लामिछानेले १ करोड रूपैयाँ बैंक ग्यारेन्टी बुझाएर छुटेका छन् ।'

आइतबार भएको प्रतिवादी वकिलको बहस, जाहेरवाला र सरकारी वकिलको जवाफी बहसपछि जिल्ला अदालत रूपन्देहीका न्यायाधीश प्रल्हादकुमार योगीले १ करोड रुपैयाँ धरौटी माग गर्ने आदेश गरेका थिए ।

बुटवलस्थित सुप्रिम सहकारी ठगी तथा संगठित अपराध कसुरमा प्रतिवादी बनाएर माघ ६ मा रूपन्देही जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो । बुधबार लामिछानेको बयान, बिहीबार, शुक्रबार र आइतबार उच्च र जिल्ला सरकारी वकिल कार्यालयका वकिल, जाहेरवालाका वकिल र प्रतिवादी वकिलको बयान सकिएपछि १ करोड धरौटीमा छोड्ने आदेश आएको हो ।

जिल्ला सरकारी वकिल कार्यालयले माघ ६ मा रूपन्देही जिल्ला अदालतमा सुप्रिम सहकारी ठगी र संगठित अपराधमा लामिछानेसहित २२ जनालाई अभियुक्त बनाएर मुद्दा दर्ता भएको थियो । मुद्दामा गीतेन्द्रबाबु (जीबी) राई, लामिछानेसहित २८ जनाबाट ५५ करोड ५९ लाख ८३ हजार ८ सय ४२ रुपैयाँ र लामिछाने, छविलाल जोशी र लक्ष्मीप्रसाद पौडेलबाट १० करोड ९९ लाख थप बिगो र लामिछानेको व्यक्तिगततर्फ २ करोड बिगो दाबी गरिएको थियो ।पोखराको सूर्यदर्शन सहकारी ठगीको अनुसन्धानका सिलसिलामा गत कात्तिक २ मा पक्राउ परेका लामिछाने कास्की जिल्ला अदालतबाट ६५ लाख धरौटीमा पुष २५ मा र स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतको आदेशले ६० लाख धरौटीमा माघ २ मा रिहा भएका थिए ।

# बाढीले थुपारेको गेगर हटाउन सहयोग गर्दै

झापा(प्रस) । हलेसी तुवाचुङ नगरपालिकाले गत असोज १२ गते सुनकोशीमा आएको भीषण बाढीले किसानका खेतमा थुपारेको गेगर पन्छाउन सहयोग सुरु गरेको छ । बाढीले थुपारेको बालुवा, गिट्टी र ढुङ्गा हटाएर पुनः खेती गर्न योग्य जमिन बनाउन नगरपालिकाले किसानलाई सहयोग गरेको हो ।

सुनकोशीमा आएको भीषण बाढीले हलेसी तुवाचुङ नगरपालिकाको वडा नं २ डिकुवा, वडा नं ८ धितुङ र वडा नं ११ राजापानीका करिब एक सय ५० घरका स्थानीय किसानको करिब दुई सय ५० रोपनीभन्दा बढी खेत खण्डहर बनाएको छ । धितुङ र राजापानीको सिमानामा पर्ने भाडबैंसीका मात्रै ६० घर किसानको एक सय ५० रोपनीभन्दा बढी खेतीयोग्य जमिन बाढीले ल्याएको गेगरले पुरिएको स्थानीयले बताएका छन् । भीषण बाढीका कारण पूर्ण क्षति बेहोरेका राजापानीका ३१ घर किसानलाई गत असोजमै नगरपालिकाले रु सात हजारको दरले राहत प्रदान गरेको थियो । आंशिक क्षति भएका किसानको भने खेतबारीमा थुप्रिएको गेगर नगरपालिकाको तर्फबाट जेसिबी लगाएर पन्छाइदिने निर्णय भएको थियो ।

भीषण बाढीले बगाएर ल्याएको गेगरले पुरिएका किसानको खेतबारीलाई पूर्ववत अवस्थामा फर्काएर खेती लगाउने वातावरण सृजना गर्न नगरपालिकाले जेसिबी प्रयोग गरेर बालुवा, गिट्टी र ढुङ्गा हटाइरहेको नगरप्रवक्ता एवं वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । पूर्ण क्षति व्यहोरेका र आंशिक क्षति व्यहोरेका किसानको खेतबारीमा थुप्रिएको गेगर हटाउन नगरपालिकाले जेसिबी र आवश्यक डिजेल तथा अपरेटर उपलब्ध गराएको जनाइएको छ ।

असोजमा गएको भीषण बाढीले एउटै किसानको १५-२० रोपनी खेतबारी पुरिएको पाइएको नगरपालिकाले जनाएको छ । सुक्खाग्रस्त क्षेत्रमा पर्ने हलेसी तुवाचुङ नगरपालिकाको सुनकोशी आसपासका क्षेत्र खेतीयोग्य जमिनमा पर्दछ ।

# नेपालबाट पौने २ अर्बको छुर्पी निर्यात




झापा(प्रस)। चालु आर्थिक वर्षको ६ महिनामा १ अर्ब ८० करोड ६१ लाख ३९ हजार रुपैयाँको छुर्पी निर्यात भएको छ । भन्सार विभागका अनुसार ९ लाख ६३ हजार ९२७ किलो छुर्पी निर्यात भएको हो ।गत आर्थिक वर्षको ६ महिनाको तुलनामा चालु आर्थिक वर्षमा छुर्पी निर्यात बढेको विभागको तथ्यांक छ । गत आर्थिक वर्षको साउनदेखि पुससम्म १ अर्ब ४१ करोड २९ लाख रुपैयाँको छुर्पी निर्यात भएको थियो । नेपालमा उत्पादन भएको छुर्पी साउनदेखि पुससम्म अमेरिका, क्यानडा, बेलायत, जापानलगायत २२ मुलुकमा पुगेको छ । विभागका अनुसार सबैभन्दा बढी छुर्पी अमेरिका र सबैभन्दा कम स्लोभाकियामा पुगेको छ । अमेरिकामा मात्रै १ अर्ब ५९ करोड ४६ लाख ४३ हजार रुपैयाँको छुर्पी निर्यात भएको विभागको तथ्यांक छ ।

यस्तै क्यानडामा १३ करोड ३ लाख, बेलायतमा ३ करोड ३ लाख, जापानमा १ करोड ८५ लाख, कोरियामा ६८ लाख, मलेसियमा ४१ लाख र युक्रेनमा ३५ लाख रुपैयाँको छुर्पी निर्यात भएको छ । सबैभन्दा कम १ लाख २३ हजार रुपैयाँको छुर्पी स्लोभाकियामा निर्यात भएकाले विभागले जनाएको छ ।

व्यवसायीका अनुसार विदेशमा कुकुरको प्रमुख खान्की नै छुर्पी हो । विभागको पछिल्लो ५ वर्षको तथ्यांकअनुसार निर्यात बजार उत्साहजनक छ । २०७६/७७ मा १ अर्ब २२ करोड ८३ लाख रुपैयाँको ७ लाख १७ हजार २ सय ६४ किलो छुर्पी निर्यात भएको छ । २०७७/७८ मा १ अर्ब ९६ करोड ५० लाख ४६ हजार रुपैयाँको १२ लाख ६२ हजार ९ सय ९८ किलो छुर्पी निर्यात भएको उल्लेख छ । विभागका अनुसार २०७८/७९ मा २ अर्ब ९१ करोड १९ लाखको छुर्पी निर्यात भएको छ । यस अवधिमा १७ लाख ४४ हजार ४ सय ५१ किलो निर्यात भएको जनाएको छ ।

०७९/८० मा ३ अर्ब ४० करोड ९० लाख रुपैयाँको १७ लाख ८६ हजार १ सय १२ किलो निर्यात भएको छ । २०८०/८१ मा ३ अर्ब १८ करोड ४३ लाख रुपैयाँको १६ लाख ४६ हजार ८ सय ८७ किलो निर्यात भएको विभागको भनाइ छ ।

**सगरमाथा ...**



राख्ने उद्देश्यले पर्वतारोहण गर्ने भए विवरण पनि खुलाउनुपर्ने नियमावलीमा थप गरिएको छ । त्यस्तै हिमाल आरोहण नगरी बीचबाटै फर्केर, आरोहण गरेको भनी झूटा विवरण पेस गरेर प्रमाणपत्र लिने विगतका घटनालाई न्यूनीकरण गर्न नियमावलीले अब पर्वतारोही दलको सम्पर्क अधिकृत, आरोहण दलको नेता, सम्बन्धित कम्पनी/एजेन्सीले पर्यटन मन्त्रालयमा पर्वतारोहण गरको प्रमाणित कागजात, हिमाल आरोहणमा हिमालचुली पृष्ठभूमिमा देखिने मुखाकृतिसहितको तस्बिर, हिमाल आरोहण गरेको स्वघोषणा पनि बुझाउनुपर्ने व्यवस्था ल्याएको छ ।

नयाँ नियमले आधार शिविरभन्दामाथि दिसा पिसाबको व्यवस्थापनका लागि पर्वतारोही दलका सदस्यले जैविक रुपमा नष्ट हुने शौच थैली (बायोडिग्रेडबल पुप ब्याग) को प्रयोग गर्नुपर्ने छ । आरोहणमा जाने सरदार, पर्वतीय पथ प्रदर्शक र उचाइमा जाने कामदार प्रत्येकको अब २० लाख रुपैयाँ र आधार शिविरकाकामदारको प्रतिव्यक्ति १५ लाख रुपैयाँ बराबरको बिमा पनि अनिवार्य गर्नुपर्ने छ । यसअघि उचाइमा काम गर्नेको बिमा १५ लाख र आधार शिविरमा काम गर्नेको ८ लाख रुपैयाँ बराबरको बिमा गर्नुपर्ने नियम थियो । नयाँ नियम अनुसार हिमाल आरोहणमा जानेले आधार शिविरसम्म आफ्ना परिवारका सदस्यलाई पूर्वस्विकृति लिई लैजान पाउने छन् । तर परिवार सदस्यलाई बढीमा दुई रातमात्रै विभागले आधार शिविरमा बस्न अनुमति दिनेछ । अब हरेक ८ हजार मिटर अग्ला हिमाल आरोहणमा हरेक दुई जना आरोहीले दुई जना गाइड अनिवार्य लिनुपर्ने छ । नेपालले सगरमाथासहित ४ सय ६१ वटा हिमाल आरोहणका लागि खुला गरेको छ । सन् २०२४ को वसन्तयाममा पर्यटन विभागले हिमाल आरोहणबापत ६७ करोड ४७ लाख रुपैयाँ सलामी रकम संकलन गरेको थियो । यसमा सगरमाथाबाट मात्रै ५९ करोड २३ लाख रुपैयाँ संकलन भएको थियो ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः होम बहादुर बुढाथोकीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ९ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री शम्भु शाहले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ ५९१० | ७५, १२४, १२६, १२७ | ४२७. ४९ | २०७९/ १२ /३० | २०८०/ ०२ /०९ | २०८१/ ०८/१० |

नोटः २०८१ माघ ११ गतेको अंकमा प्रकाशित यस सूचनामा सूचना प्रकाशित मिति गलत हुन गएकोले सच्याई पुनः प्रकाशित गरिएको छ ।







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

## जवर्जस्ती नगर

ताप्लेजुङको पाथीभरामा केवलकार बनाएरै छोड्ने र बनाउन नदिनेबीचको विवादका कारण शनिवार ठूलै झडप भयो । प्रहरी र प्रदर्शनकारीबीचको झडपमा करिव दुई दर्जन घाइते भएका छन् । तीनजना प्रदर्शनकारीको अबस्था गंभीर रहेको छ । सो घटनापछि मुक्कमलुङ संरक्षणकारीहर अझ आन्दोलित भएका छन् । विकासको अधिकारसंगै नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय अधिकारको संरक्षण र संवर्द्धनको सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ। राज्य यसप्रति संवेदनशील हुनुपर्दछ। आदिवासी जनजातिको बसोबास रहेका कुनै पनि क्षेत्रमा विकास निर्माणका कार्य गर्दा सो समुदायबाट अग्रिम जानकारीसहितको स्वतन्त्र, सुसूचित सहमति लिनुपर्ने भन्ने आदिवासी जनजातिको अधिकार सम्बन्धी आइएलओ महासन्धि, १६९ तथा संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणापत्र, २००७ मा व्यवस्था रहेको छ । अर्को कुरा राष्ट्रिय मानव अधिकार आयोगले यसअघि २०८१ मंसिर २ गतेदेखि ८ गतेसम्म स्थलगत अनुगमन गरी वार्ता र सहमतिपश्चात् मात्र निर्माण कार्य अगाडि बढाउन सुझाव दिएको थियो । यति हुँदाहुँदै पनि केवलकार निर्माणको कार्य अघि बढाउनु दुःखद कुरा हो ।स्थानीय आदिवासी समुदायले पाथिभरा क्षेत्र स्थानीय लिम्बु याक्थुङ समुदायको सांस्कृतिक एवम् आध्यात्मिक विश्वासको केन्द्र रहेको हुँदा यसको ऐतिहासिक नाम मुक्कमलुङ नै राख्नुपर्ने, केबुलकार निर्माण कार्य बन्द गर्नुपर्ने, विकास निर्माणका कार्य गर्दा आदिवासी समुदायबाट अग्रिम जानकारीसहितको स्वतन्त्र, सुसूचित सहमति लिनुपर्ने जस्ता माग पेश गरेका छन् । यस्तो अबस्थामा प्रहरी प्रशासनले जवर्जस्ती नगरोस् भन्न चाहन्छौ ।

प्रहरीको गोली लागेर घाइते भएका सगुन लावती, यमबहादुर लिम्बू र धर्म पालुङ्वाको अवस्था गम्भीर रहेको, गम्भीर घाइते भएकाहरुलाई उपचारका लागि त्रि.वि. शिक्षण अस्पताल पठाएको, प्रदर्शनकारीतर्फका अन्य दुईजना घाइतेको ताप्लेजुङ अस्पतालमा उपचार भई डिस्चार्ज गरिएको र अन्यको अवस्था सामान्य रहेको अनुगमनका क्रममा पाइएको छ । प्रहरीतर्फका ७ जनाको ताप्लेजुङ अस्पतालमा उपचार भइरहेको र अन्यको अवस्था सामान्य रहेको पाइएको छ । अत: विकास निर्माणको क्रममा आउन सक्ने यसप्रकारका असहमति र विवादको समयमै पहिचान र सम्बोधन गरियोस् । विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गरिनु पर्छ । झडपको क्रममा घाइते व्यक्तिहरुको निःशुल्क र प्रभावकारी स्वास्थ्योपचारको व्यवस्था गर्न, एक आपसमा देखिएका विवाद र असहमतिहरुलाई सार्थक वार्ता र संवादको माध्यमबाट समाधान गर्न सरकार तत्पर देखिनु पर्छ ।साथै, प्रदर्शनकारीहरुले प्रदर्शनलाई शान्तिपूर्ण बनाउनु पर्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# विद्युत् महसुलको अर्थतन्त्रमा प्रभाव



• डा.अनन्तराज दाहाल

विभिन्न अनुसन्धानले नेपालमा छ हजार साना ठुला नदी नालाबाट ४३ सय मेगावाट जलविद्युत् उत्पादन गर्न सकिन्छ भन्ने प्रमाणित गरेका छन् । विद्युत् उत्पादनको सय वर्षभन्दा लामो अवधिमा नेपालले ३६ सय मेगावाट विद्युत् उत्पादन गरेको छ । पछिल्लो दुई दशकको विद्युत् उत्पादन अनुपात अध्ययन गर्दा प्रत्येक पछिल्लो वर्ष जलविद्युत् उत्पादनको अनुपात सुधारोन्मुख छ ।

उत्पादित विद्युत्ले बर्सातको समयमा आन्तरिक माग पूरा गरी एक वर्षदेखि भारतमा निर्यातसमेत गर्दै आएको छ । आजको अवस्थासम्म पुग्दा नेपाल, भारत र बङ्गलादेश त्रिदेशीय सम्झौता भएर भारतको बाटो हुँदै बङ्गलादेशमा ४० मेगावाट विद्युत् निर्यातको समेत प्रक्रिया सुरु भइसकेको छ, जुन नेपालका लागि सुखद हो । उता सुक्खा समयमा भने देशको आन्तरिक माग पूरा गर्न अझै केही वर्ष भारतबाट विद्युत् आयात गर्नुपर्ने अवस्था छ ।

नेपालको जलविद्युत् उत्पादनमा निजी क्षेत्रले ५० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ । निजी क्षेत्रलाई नेपाल विद्युत् प्राधिकरणले उनीहरूसँग गरेको सम्झौता अनुसार नियमित भुक्तानी गर्नुपर्ने देखिन्छ । मुलुकमा उत्पादित विद्युत् प्राधिकरणले उपभोक्तालाई उपलब्ध गराएर उनीहरूबाट प्राप्त भुक्तानीबाट सबै किसिमका खर्च व्यवस्थापन गरेको हुन्छ । सबै ग्राहक प्राधिकरणका लागि समान हुन् भन्ने मान्यताका साथ अघि बढ्न सके मात्र प्राधिकरणप्रति जनविश्वास बढ्दै जाने छ । प्राधिकरणले आफ्ना ग्राहकबाट प्राप्त भुक्तानीलाई नियमित खर्च, पुँजीगत खर्च र निजी उत्पादकलाई दिनुपर्ने भुक्तानीमा समेत प्रयोग गर्दै आएको छ ।

आम उपभोक्ता लोडसेडिङले हैरान भएकै समयमा पनि विद्युत् प्राधिकरणको तत्कालीन नेतृत्वले नेपालका उद्योग व्यवसायमा नकारात्मक असार नपरोस् भनी आमउपभोक्ताले उपभोग गर्ने विद्युत् कटौती गरी उद्योग व्यवसायमा भने लोडसेडिङ हुन नदिने निर्णय गरेको थियो । प्राधिकरणले विसं २०७२ देखि २०७५ वैशाखसम्म उद्योगी व्यवसायीलाई डेडिकेटेड ट्रङ्कलाइन सेवामार्फत नियमित रूपमा चौबिसै घण्टा विद्युत् उपलब्ध गराएको थियो । यसरी उपलब्ध सेवाका लागि सम्बन्धित उद्योगी व्यवसायीले सम्झौता अनुसार प्राधिकरणलाई सामान्य समयको भन्दा फरक दर र तरिकाले शुल्क भुक्तानी गर्नु पर्थ्यो, जुन उनीहरूले प्राधिकरणबाट प्राप्त विशेष सेवा र सुविधाका लागि गर्नुपर्ने नियमित भुक्तानी हो ।

आमउपभोक्तालाई दैनिक १९ घण्टासम्म पनि लोडसेडिङ गरी उद्योग व्यवसायलाई विशेष निर्णय गरेर बत्ती नियमित रूपमा उपलब्ध गराइएको थियो । यस प्रकारको सेवा प्राप्त गर्दा उद्योगी व्यवसायीले प्राधिकरणको तत्कालीन नेतृत्वसँग महसुल तिर्ने विशेष सम्झौता गरेका थिए, जुन राज्यको नियमसङ्गत थियो पनि । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत राज्यबाट प्राप्त विशेष सुविधाका लागि विशेष महसुल तिर्नुपर्ने मान्यता अनुसार प्राधिकरणको तत्कालीन नेतृत्वसँग सम्झौता भएको हो भन्ने सहज रूपमा बुझ्न सकिन्छ, यसलाई सामान्य अवस्थाको विद्युत् महसुलसँग तुलना गर्न मिल्दैन ।

विसं २०७५ वैशाखबाट प्राधिकरणले सुरु गरेको लोडसेडिङ घटाउने प्रक्रियाले सोही वर्षको असोज, कात्तिकसम्म आइपुग्दा पूर्णता पाएको देखिन्छ । अर्थात् २०७५ कात्तिकपछि मुलुक पूर्ण रूपमा लोडसेडिङ मुक्त भयो । त्यसपश्चात् सम्पूर्ण उपभोक्ताले नियमित रूपमा विद्युत् उपभोग गर्न पाए ।

विसं २०७५ वैशाख पूर्व उद्योगी व्यवसायीले उपभोग गरेको विद्युत् महसुल धेरै उद्योगले तोकिएको समयमा तिरे, भने, केहीले त्यसलाई नतिर्न विभिन्न बहानाबाजी गरे । फलस्वरूप विद्युत् प्राधिकरणले महसुल नतिर्ने उद्योगहरूको विभिन्न समयमा लाइन काट्ने कार्य गर्‍यो । उद्योगी व्यापारीको राजनीतिक नेतृत्वमा भएको पहुँच दुरुपयोग गर्दै सरकारका माध्यमबाट प्राधिकरणलाई दबाब दिँदै काटिएको लाइन जोड्न सफल भए । यो उनीहरूको सफलताले प्राधिकरणले आफूले प्राप्त गर्नुपर्ने भुक्तानी पाउन सकेन । पटक पटक प्राधिकरणले उद्योगी व्यवसायीको लाइन काट्ने र जोड्ने काम गर्‍यो ।

पछिल्लो पटक प्राधिकरणले केही उद्योगमा लाइन काट्दा २०७२ माघदेखि २०७५ वैशाखसम्म तिर्न बाँकी महसुल ६ अर्ब ६० करोड र त्यसको जरिबाना २५ प्रतिशत जोड्दा आठ अर्ब २५ करोड पुग्यो । यति ठुलो परिमाणमा विद्युत् महसुल उठ्न सकेको छैन । विभिन्न समयमा राजनीतिक आडमा प्राधिकरणलाई दबाब दिँदै महसुल तिर्न पछि हट्दै गए, जसले गर्दा प्राधिकरणको उठ्न बाँकी बक्यौता अलपत्र परेको छ । यति ठुलो परिमाणमा प्राधिकरणले बाँकी बक्यौता उठाउन नसक्दा त्यसले नेपालको अर्थतन्त्रमा अल्पकालीन र दीर्घकालीन असर पर्ने देखिन्छ, जसलाई निम्न अनुसार अनुमान गर्न सकिन्छ ।

डेडिकेटेड र ट्रङ्क लाइन विवादका नाममा विद्युत् महसुल भुक्तानी नभएमा त्यसले सर्वसाधारण उपभोक्तालाई विद्युत् महल नतिर्न उत्प्रेरित गर्छ । परिणाम स्वरूप प्राधिकरणको उठ्नुपर्ने बक्यौता बढ्दै जान्छ र प्राधिकरण पुनः आर्थिक सङ्कटको बाटोमा पुग्न सक्छ । विद्युत् प्राधिकरणले प्राप्त गर्नुपर्ने भुक्तानी समयमा नपाउँदा उसले आफूले गर्ने नियमित र विकास खर्च प्रभावित हुन्छ ।

प्राधिकरणले ५० प्रतिशतभन्दा बढी विद्युत् उत्पादनको हिस्सा ओगट्दै आएका स्वतन्त्र ऊर्जा उत्पादक संस्थालाई सम्झौता अनुसार दिनुपर्ने भुक्तानीको व्यवस्था मिलाउन सक्दैन । परिणाम स्वरूप स्वतन्त्र ऊर्जा उत्पादक संस्थाहरू ऊर्जा क्षेत्रमा लगानीका लागि निरुत्साहित हुन्छन्, जसको नकारात्मक प्रभाव नेपालको जलविद्युत् उत्पादनमा पर्छ । विद्युत् उत्पादनमा प्राधिकरण र स्वतन्त्र ऊर्जा उत्पादक कम्पनीले विभिन्न बैङ्क तथा गैर बैङ्किङ वित्तीय संस्थासँग लिएको ऋणको सावा र ब्याज तोकिएको समयमा भुक्तानी गर्न सक्दैनन् । जसका कारण नेपालको समग्र बैङ्किङ क्षेत्रमा समेत नकारात्मक प्रभाव पर्न सक्छ । वित्तीय संस्थाहरूले समयमा भुक्तानी नपाउँदा उनीहरू बचतकर्तालाई समयमा भुक्तानी दिन असमर्थ मात्रै हुँदैनन्, यसले देशको समग्र आर्थिक क्षेत्र प्रभावित हुन्छ ।

डेडिकेटेड र ट्रङ्क लाइनको नाममा देखिएको विवादले नेपालको विद्युत् क्षेत्रमा आउनुपर्ने थप वैदेशिक लगानी र वैदेशिक ऋणमा समेत नकारात्मक प्रभाव पर्न सक्छ । विवादले प्रत्यक्ष वैदेशिक लगानीसँग सम्बन्धित संस्था एवं राष्ट्रप्रति अझ नकारात्मक प्रभाव पर्न जान्छ । जसले ऊर्जाभन्दा बाहेक अन्य क्षेत्रमा आउने वैदेशिक लगानीलाई समेत नकारात्मक प्रभाव पर्न सक्छ ।

अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालमा वैदेशिक लगानीप्रतिको विश्वसनीयतामा आँच पुग्न सक्ने देखिन्छ, जसले दीर्घकालीन विकासमा समेत नकारात्मक प्रभाव पर्न सक्छ । यसरी राज्य आफ्नै निकायसँग विवाद गरेर बस्नुभन्दा पनि सबैलाई विश्वास हुने गरी उद्योगी व्यापारीसँग समन्वय गर्दै विद्युत् प्राधिकरणको बक्यौता असुल उपरका लागि नियमसङ्गत ढङ्गले अगाडि बढ्नु पर्छ । विद्युत् प्राधिकरणको बाँकी बक्यौता उठाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा राज्यप्रतिको विश्वसनीयता अभिवृद्धि गर्दै आफ्नो जिम्मेवारीबाट यो वा त्यो नाममा चुक्नु हुँदैन ।

# जलवायु कूटनीति र सगरमाथा संवाद



• एकराज पाठक

हिन्दुकुश हिमालय पर्वत शृङ्खला दिनप्रतिदिन सङ्कटमा परिरहेको छ । केही समययतादेखि यस भूगोलको प्रकृतिले नै आफ्नो अस्तित्व जोगाइराख्न सङ्घर्ष गरिरहेको छ । सो क्षेत्रका नेपालसहितका हिमालको विशेषता नै बाह्रैमास सेताम्मे भएर रहने हो तर पछिल्ला वर्षमा यो स्वरूप ह्रासोन्मुख छ । हिउँ पग्लँदै गइरहेको देख्दा लाग्छ, विश्वमा बढ्दो तापमानले हाम्रा हिमाललाई नै बढी तारो बनाएको छ । यसबाट नेपाल र नेपाल जस्तै पर्वतीय देश प्राकृतिक प्रकोपको सिकार बन्दै गएका छन् ।

जलवायु कूटनीति र जलवायु न्याय

अहिले विश्वमा कूटनीतिका विविध परिभाषा र परिवेशको विकास हुँदै गएको छ । समय र परिस्थिति अनुरूप दुनियाँमा कूटनीतिका फरक आयाम विकसित छन् । आफ्नो देशको चासो, राष्ट्रिय हित र प्रतिफलमा आधारित रहेर नै कूटनीतिको मापन गर्ने गरिन्छ । परिवर्तित विश्वमा नयाँ विषय, अवस्था र परिस्थितिको विकास भएसँगै परराष्ट्र सम्बन्धका आयाममा पनि विविधता थपिँदै जानु स्वाभाविकै हो । यस कारण परराष्ट्र सम्बन्ध बहुआयामिक र थप विस्तृत हुँदै पनि गइरहेको छ । अहिले विश्वमा नयाँ आयामको विकास भएसँगै परम्परागत कूटनीतिक दायरालाई पनि थप फराकिलो बनाउने प्रयत्न पनि गर्ने गरिएको छ । हाम्रो भौगोलिक अवस्थिति, भूराजनीतिक परिवेशको विशिष्टताका कारण पनि हामीले समयानुकूल कूटनीतिका आयामको विकास र विस्तार गर्नु पर्छ । श्रम कूटनीति, पर्यटन कूटनीति, ऊर्जा कूटनीति आदि हाम्रा उदाहरण हुन सक्छन् विकसित कूटनीतिक अभ्यासका । विश्वमा विकास हुँदै गएका नयाँ आयामसँग जोडिनका लागि हामी पनि परम्परागत कूटनीतिक वृत्तबाट माथि उठ्नु पर्छ ।

यही परिवेशमा गर्नुपर्ने विषय जलवायु कूटनीति पनि एक हो । नेपालले अबका दिनमा जलवायु कूटनीतिलाई थप सशक्त बनाउनुपर्ने जरुरी देखिन्छ । अब जलवायु कूटनीतिको फैलावट हाम्रा लागि अति आवश्यक छ । हामीले स्थान पाउने क्षेत्रीय, अन्तर्राष्ट्रिय या विश्वमञ्चमा जलवायु परिवर्तनका कारण हामीमाथि परेको असरका कुरालाई राख्न छोड्नु हुँदैन । यी स्थानमा हामीले राख्ने हाम्रा आवाजबाट नै हाम्रो समस्या र अवस्था विश्व जगत्मा पुग्न सक्छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेस गत वर्ष नेपाल आउनुभयो । उहाँले नेपालका हिमाली क्षेत्रको भ्रमण पनि गर्नुभयो । आफैँले सामाजिक सञ्जालमा यसै गरी नेपालका हिमाल पग्लिँदै जाने हो भने भोलिको पुस्ताको अवस्था के होला भन्न सकिन्न भन्ने सन्देश भिडियोमार्फत नै दिनुभयो ।

त्यस भ्रमणलगत्तै युएइमा कोप सम्मेलन भयो । त्यहाँ उहाँले नै नेपालको अवस्थाका बारेमा दर्शाउनुभएको थियो । हाम्रो अवस्था र समस्याका बारेमा राष्ट्रसंघका महासचिवले नै विश्व समुदायलाई भनिदिनु जलवायु कूटनीतिको एक महत्वपूर्ण आयाम पनि हो । यसको प्रभावकारिताका बारेमा भने हामी खरो उत्रिन सकेका छैनौँ । हाम्रो नै आवाज सुनिएको यो सम्मेलनपछि हामीले पीडितका रूपमा पाउनुपर्ने क्षतिपुर्ति कति पायौँ त ? हाम्रो आवाज विश्वमञ्चमा त पुग्यो तर पनि त्यसबमोजिमको सम्बोधन हामीलाई भएको छ कि छैन ? यो नै अब अघि बढाउनुपर्ने जलवायु कूटनीति हो । जे विषय र कारणले हामी पीडित छौँ, त्यसका लागि हाम्रो आवाज कूटनीतिक रूपमा बुलन्द पार्न सक्नु र पीडितका पक्षमा परिस्थितिको सशक्त वकालत गर्न सक्नु नै जलवायु कूटनीति हो । त्यसैले जलवायु कूटनीतिको विषयलाई प्राथमिकतामा राखेर परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले आगामी दिनमा मन्त्रालय अघि बढ्ने योजना बनाएको बताइरहनु भएको छ ।

नेपालले यसै विषयमा अन्तर्राष्ट्रिय अदालत (आइसिजे) मा आफ्नो उपस्थिति दर्शाएको छ । जलवायु परिवर्त नले नेपाललाई परेको असर र पाउनुपर्ने क्षतिपूर्तिका बारेमा नेपाल गत डिसेम्बरमा अदालतमै उपस्थित भएर न्याय मागेको हो । नेपालले यसरी अन्तर ाष्ट्रिय अदालतमा उपस्थित भएर जलवायु न्यायका लागि आफ्नो दाबी पेस गरेको यो पहिलो पटक पनि हो । जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असर दर्शाउँदै मन्त्री डा राणाले नेपालले पाउनुपर्ने क्षतिपूर्तिका आधार प्रस्तुत गर्दै न्यायका लागि दाबी पेस गर्नुभएको हो ।

सो अदालतमा मन्त्री डा. राणाले नेपाललाई नखाएको विष कसरी लागेको छ भन्ने विषयको फेहरिस्त नै प्रस्तुत गर्नुभएको थियो । विश्वका धनी तथा विकसित मुलुकले कार्बन उत्सर्जन गर्दा नेपाल जस्ता मुलुक समस्यामा परेका छन् । जलवायु परिवर्तनको कारकका रूपमा जुन देशको कुनै पनि योगदान छैन अर्थात् हामीले उत्सर्जन गर्ने कार्बनको मात्रा अति नगण्य छ तिनै देशले अहिले अस्वाभाविक असर बेहोर्नु परेको र यसका कारण नेपाल दोहोरो मारमा परेको दृष्टान्त नेपालले पेस गरेको थियो । प्राकृतिक रूपमा पारिस्थितिकीय प्रणाली कायम गरी जलवायु सन्तुलन गर्न नेपालका उच्च पहाड र हिमालको योगदान विशेष छ । यहाँका अधिकांश नदीकै स्रोतसमेत रहेका हिमाल हिजोआज दिनप्रतिदिन कालापत्थरमा परिणत भइरहेका छन् । एकातिर यसले स्थानीयको पानीको स्रोत बन्द गर्दै लगेको छ भने अर्कातर्फ यो नै प्राकृतिक विपत्तिको कारण बन्न थालेको छ । अहिलेकै अनुपातमा हिउँ पग्लिँदै जाने हो भने हिमालयन हिन्दकुश क्षेत्रका हिमनदीले यो शताब्दीको अन्त्यसम्ममा ८० प्रतिशतसम्म हिउँ गुमाउन सक्ने अनुसन्धान आउन थालेका छन् । यसले उच्च पहाडी क्षेत्रमा बाढीपहिरोसहितको विपत् कति निम्त्याउला ? अहिले नै भन्न सकिने अवस्था छैन ।

**सगरमाथा संवाद**

नेपालले आगामी विसं २०८२ को जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा सगरमाथा संवादको आयोजना गरेको छ । यसको घोषणा हालै मात्र प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुभयो । यसअघि नै नेपालले यस कार्यक्रमको अवधारणा अघि सारेर तयारी थालेको थियो । कोभिड-१९ महामारीले यो स्थगित भएको हो । हाम्रो माटो र मर्मका कारण अति आवश्यक देखिएको यो सगरमाथा संवाद कार्यक्रमलाई हामीले विश्वव्यापी र क्षेत्रीय महत्वको विषयका साथ केन्द्रित गर्नुपर्ने आवश्यकता छ । सगरमाथा संवाद घोषणा समारोहमा पनि प्रधानमन्त्री ओलीले यस कार्यक्रमलाई विश्वव्यापी बनाइने र यसबाट जलवायु परिवर्तनको न्यायका क्षेत्रमा समझदारी र सहयोगलाई बढावा दिइने पनि बताउनुभयो । उहाँको आसय यस्तो संवाद साझा हित र मानव जातिको सामूहिक कल्याणका लागि हो । यो भावनालाई हामीले हामी मात्र नभएर विश्वमा हामी जस्तै जलवायु परिवर्तनको चपेटामा परेर न्यायको याचना गरिरहेका देशकै घरआँगनसम्म पुर्‍याउन सक्नु पर्छ । यसबाट एकातर्फ हामी सगरमाथाको फेदीबाट हामीले सबैको न्यायको आवाज बुलन्द पार्न सघाउने छौँ भने अर्कातर्फ यो संवादको मूल विषय ‘जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य’ मा नै केन्द्रित हुने भएकाले हाम्रै लागि हाम्रो आवाजलाई विश्वमै पुर्‍याउन सक्ने छौँ ।

नेपाललाई चिनाउने विश्वको सबैभन्दा अग्लो शिखरका नाममा गरिने यो संवाद अर्थपूर्ण छ । यसले एकातर्फ नेपालले दिएको यो नामकै अर्थ छ भने अर्कातर्फ विषयको अन्तरवस्तुसँग पनि यो जोडिएर आएको छ । किनभने जलवायु परिवर्तनको पहिलो असर र सिकार हुने भनेको हिमाल र पहाड नै हो । हिमालले जसरी संसारको पारिस्थितीकीय प्रणालीमा योगदान दिइआएको छ, त्यसको मात्रामा कमी आउना साथै पृथ्वीको मात्र नभएर ब्रह्माण्डकै चक्रीय प्रणालीमा नै धावा बोल्न सक्छ । सरसर्ती हेर्दा हिमालसँग मानिसको साइनो त्यहीँबाट उत्पत्ति भई बग्ने नदीसँग समेत जोडिन्छ । हिमालसँग मानिस र समग्र चराचर जगत्को आश्रय र निर्भरता अलौकिक छ । पानीबिनाको जिन्दगानी कल्पना गर्न नसकिए जस्तै हिमालबिनाका नदीनाला पनि कल्पनामा कमै मात्र आउँछन् । त्यसैले सगरमाथा संवादले जलवायु परिवर्तनको प्रभाव र असर बारेका बहस चलाइरहँदा त्यहाँनेर धेरै दोहोरिने शब्दावली भनेकै हिउँ र हिमाल नै हो । यो कार्यक्रमको नामले हिमाल पग्लिरहेको अवस्थाको जानकारी राम्रैसँग दिने भएकाले कार्यक्रमको नाम नै सन्देशमूलक छ ।

अहिलेको विश्वको एक प्रमुख चुनौती बनिरहेको जलवायु परिवर्तनको समाधानका लागि तत्कालै प्रभावकारी कदम चाल्नुपर्नेमा विश्वका नेताले आफ्ना सम्बोधनमा जोड दिने गरेका छन् । यसको असरबाट विश्वका अतिकम विकसित, भूपरिवेष्टित, साना टापु राष्ट्रलगायत बढी समस्यामा परिरहेकाले समाधानमा विश्वका विकसित देशले ती देशलाई प्रतिबद्धताबमोजिमको सहयोग उपलब्ध गराउनुपर्नेमा उनीहरूको जोड रहने गर्छ तर पनि प्रतिबद्धता गरिएबमोजिमको सहयोग र क्षतिपूर्ति भने सम्बद्ध देशबाट सरोकारवालासम्म पुग्न सकिरहेको छैन । पछिल्लो समयमा हरेक देशका सम्भावना र भविष्यमाथि नै जलवायु परिवर्तनले धावा बोलिरहेकाले समाधानका लागि सबै पक्ष लाग्नु पर्छ ।

जसलाई तिर्खा लाउँछ, उही खोली धाउँछ भने जस्तै विश्वमा कार्बन उत्सर्जन गर्ने विश्वका धनी राष्ट्रको दायित्वलाई सम्झाउन, झस्काउन र दायित्वबोध गराउन हामी जस्ता पीडित राष्ट्र नै लाग्नु पर्छ । यसमा सगरमाथा संवाद जस्ता कार्यक्रम बलिया विधि बन्न सक्छन् । त्यसबाहेक बढी सिकार भइरहेका र भोलिका दिनमा अझ बढी समस्यामा पर्न सक्ने देशले पनि ऐक्यबद्धता भएर आफ्ना पहल र प्रयासलाई अघि बढाउनु पर्छ । यसैमार्फत नेपालले जलवायु कूटनीतिको प्रभावकारितालाई संसारमा फैलाउन सक्ने गरी कार्यक्रम पनि तय गरिनु पर्छ ।

# लोप हुँदै धान नाच

झापा(प्रस)। पूर्वी नेपालमा मूल रूपमा बसोबास गर्ने याक्थुङ (लिम्बू) जातिको सांस्कृतिक नाच धाननाच लोपोन्मुख अवस्थामा पुगेको छ । याक्थुङ (लिम्बू) समुदायमा हुने सुखदुःखका कर्मकाण्डसँगै मेलाहाट, विभिन्न पर्व र उत्सवमा युवायुवतीबीच एकापसमा हात समाएर गोलाकार घेरा बनाई धान नाच्ने संस्कृति छ ।



पचासको दशकसम्म अत्यन्तै लोकप्रिय धाननाच पछिल्लो समय लोप हुने अवस्थामा पुगेको किरात याक्थुङ चुम्लुङ म्याङलुङ नगर समितिका अध्यक्ष साम थाम्देनले बताए। उनका अनुसार उसबेला मेलाहाट, बिबाह, बर्खान्तजस्ता जमघटमा मात्र नभएर युवायुवतीबीच भाका राखी निश्चित ठाउँमा भेट गरेर पनि धान नाच्ने गरिन्थ्यो । तर अहिले त्यतिबेला जस्तो धान नाचेको कतै देखिँदैन । समयक्रमसँगै धाननाच बेलाबखत आयोजना हुने कार्यक्रमका स्टेज र भिडियोमा सीमित हुन पुगेको छ ।धाननाच याक्थुङ (लिम्बू) जातिको एक सम्मानित सांस्कृतिक नाच भएको किरात याक्थुङ चुम्लुङका अध्यक्ष सेसेहाङ हुक्पा चोङबाङ बताउँछन् । उनका अनुसार धान नाच्नपूर्व केटा पक्ष र केटी पक्षबीच साइनो सम्बन्ध केलाइन्छ । यदि साइनो-सम्बन्ध लागेमा क्षमायाचना गर्दै छुट्नुपर्छ । धाननाचका क्रममा अञ्जानवश एकले अर्काको खुट्टा टेकिएमा वा जीउमा छुन पुगेमा दुईहात जोडेर माफी माग्नुपर्छ ।धान नाच्दा पालाम (धान नाच्दा गाइने एक प्रकारको गीत) गाइन्छ । धाननाचमा पालाम गाउनु अनिवार्य मानिन्छ । केटा पक्ष र केटी पक्षबीच चरणचरण गरेर सवालजवाफमा गाइने पालाममा सृष्टि उत्पत्तिको प्रसङ्ग, मानवसभ्यताको विकासक्रमका सन्दर्भ, मुन्धुमको चर्चा र मायापिरतीसम्मका कुरा गरिन्छ । पालामी सवालजवाफका क्रममा एकापसमा माया बस्न गई विवाहसमेत हुन पुग्छ । अध्यक्ष चोङबाङले भने, 'याक्थुङ (लिम्बू) गाउँघरमा धान नाच्ने क्रममा पालाम गाउँदागाउँदै माया बसेर विवाह गरेका जोडी अहिले पनि भेटिन्छन् ।'

# हिउँ चितुवा संरक्षण गर्न विद्यालयस्तरबाटै पहल

झापा(प्रस) । हिउँ चितुवा संरक्षणका लागि विद्यालयस्तरबाटै थालिएको पहल प्रभावकारी भएको छ । 'स्नो लेपर्ड कन्सर्भेन्सी' टेका समूह नेपालको आर्थिक तथा प्रविधिक सहयोग र हिमाली संरक्षण मञ्चको सहजीकरणमा हिउँ चितुवा संरक्षण अभियान सुरु गरिएको छ । विसं२०७८ देखि जिल्लाका विभिन्न विद्यालयमा हिउँ चितुवा संरक्षणसम्बन्धी शिक्षा प्रदान गर्न थालिएको हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईले जानकारी दिए । उनका अनुसार हाल जिल्लामा 'हिउँ चितुवा संरक्षण शिक्षा सन्दर्भ' पाठ्यपुस्तक भाग-१, २, र ३ का माध्यमबाट अध्ययन हुँदैछ । हिमाली क्षेत्रका विद्यालयमा हिउँ चितुवाका विषयमा अध्ययन हुँदै आएको छ । फक्ताङलुङ गाउँपालिकाको घुन्सा आधारभूत विद्यालय, सरस्वती माध्यमिक विद्यालय र रविकला माध्यमिक विद्यालयमा यो अध्ययनलाई विशेष प्राथमिकता दिइएको छ । यस्तै, मिक्वाखोला गाउँपालिकाको साँवा माध्यमिक विद्यालय र बालदेन माध्यमिक विद्यालयका कक्षा ६ देखि ८ सम्मका विद्यार्थीलाई पनि हिउँ चितुवा संरक्षणसम्बन्धी शिक्षा प्रदान गरिँदै आएको छ । सिरिजङ्घा गाउँपालिकाको सरस्वती माविलाई समेत समेट्दै ताप्लेजुङका छवटा विद्यालयमा हाल तीन सय ७८ विद्यार्थीले हिउँ चितुवाका विषयमा अध्ययन गर्दै आएका छन् ।

हिमाली संरक्षण मञ्चको सहजीकरणमा यहाँ हिउँ चितुवा संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको छ । नेचर टुर, रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण र हिउँ चितुवा प्रकृति भ्रमणजस्ता कार्यक्रममार्फत विद्यार्थी र समुदायलाई संरक्षणप्रति जागरूक कार्यक्रम गर्दै आएको कार्यक्रम संयोजक राईले बताए । राईका अनुसार समुदायसँग चिया-कफीका कार्यक्रम आयोजना गर्दै हिउँ चितुवाको महत्त्वबारे छलफल गरिँदै आएको छ । प्रत्येक वर्ष कात्तिक ७ गते अन्तर्राष्ट्रिय हिउँ चितुवा दिवसका अवसरमा विशेष कार्यक्रम आयोजना गरिन्छ । यस दिन विद्यार्थी र समुदायलाई लक्षित गरी विविध क्रियाकलाप सञ्चालन हुने गर्छ ।

# पाथीभरा केबुलकारको निर्माण कार्य रोक्न महतोको माग



झापा(प्रस) । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले ताप्लेजुङको फुङलिङ नगरपालिका-११ मा अवस्थित मुक्कुलुंग (पाथीभरा) क्षेत्रमा केबलकार बनाउने योजनालाई खारेज गर्न माग गरेका छन् ।

अध्यक्ष महतोले आइतबार एक विज्ञप्ति जारी गरी उनले त्यस्तो माग गरेका हुन् । मुक्कुलुंग क्षेत्रमा हुन लागेको केबलकार निर्माण कार्यलाई त्यहाँको स्थानीय समूहले विरोध गर्दा प्रहरीले हस्तक्षेप गरेको थियो । स्थानीयवासी ' नो केबलकार समूह' गठन गरेर नै आन्दोलनमा उत्रिएका छन् । ती समूहमाथि प्रहरीले दमन गरेको भन्दै अध्यक्ष महतोले त्यसको भर्त्सना गरे । अध्यक्ष महतोले भनेका छन्- 'मुक्कुलुंग (पाथीभरा) कुनै साधारण स्थल होइन; यो सम्पूर्ण नेपालीहरूको आस्था, परम्परा र विश्वासको धरोहर हो । यो मात्र एक भूमि होइन, आस्थावानहरुको पुर्खाहरूको आत्मा बस्ने स्थल हो । यसलाई कुनै एक व्यक्तिको नाफा र घाटाको रूपमा प्रयोग गर्नु दिनुहुँदैन यसलाई प्राकृतिक रूपमा जस्तो छ त्यस्तै रहन दिनुपर्छ र रैथाने परम्परा अनुसार नै यसको पुजा, आराधना हुनुपर्दछ ।'

प्राकृतिक स्वरूपमा रहेको यस्तो पवित्र स्थललाई अस्थिरता र विनाशतर्फ धकेल्ने कुनै पनि प्रयासलाई दृढताका साथ अस्वीकार गर्ने उल्लेख गर्दै महतोले आस्था र धरोहर प्राणभन्दा प्रिय हुन्छ भन्ने पुर्खाहरूका वाणीलाई वर्तमान पुस्ताले पनि आत्मसात् गरी सकेको उल्लेख गरेका छन् कुनै पनि प्रकारको विकास स्थानीय समुदायको सहमति र सांस्कृतिक मूल्यको संरक्षण बिना हुन नसक्ने बताउँदै उनले आन्दोलनरत नागरिकहरूसँग वार्ता र संवादमार्फत समस्या समाधान गर्न माग गरेका छन् ।

# निजामती कर्मचारी संगठन मोरङ अध्यक्षमा कोइराला

विराटनगर(प्रस) । नेपाल निजामती कर्मचारी संगठन मोरङ अध्यक्षमा शालिगराम कोइराला निर्वाचित भएका छन् । विराटनगरमा शनिबार सम्पन्न भएको तेह्रौ अधिवेशनबाट शालिकग्राम कोइराला अध्यक्षमा निर्वाचित



भएका हुन् । यस अगाडी कोइराला नेपाल निजामती संगठनका कार्यवाहक अध्यक्ष रहेका थिए ।

समितिको उपाध्यक्षमा नरहरि निरौला , महिला उपाध्यक्षमा सुनिता निरौला , सचिव सुरेशकुमार ढुङगेल , सह-सचिव ममता कोइराला ,कोषाध्यक्ष पुरुषोतम पौडेल,सदस्यहरुमा अनिल दाहाल , विप्लव चौलागाईँ , रेवतीराम रोक्का , बबिता राई , शिवशंकर मेहता , हरि सुवेदी , प्राणनाथ दाहाल , मनोज ढकाल , खुमा अधिकारी , चन्द्रकला सापकोटा , सुनिता पौडेल , अनिल गिरी , कृष्णप्रसाद भट्टराई निर्वाचित भएका छन् । साथै लेखा आयोग संयोजकमा चन्द्रमणि लुईटेल एवम् लेखा सदस्यमा तिर्थ गुरागाई , श्याम तिम्सिना रहेका छन । केन्द्रीय प्रतिनिधिमा रमेश खतिवडा , मोहनलाल मेहता , यामनाथ बराल , राजु पोखरेल , मुना दाहाल , रोहित पौडेल र प्रदेश प्रतिनिधिमा हरिप्रसाद सुवेदी , जानकीप्रसाद अधिकारी , शरणकुमार गजमेर , सुधिरा न्यौपाने ,नन्दकिशोर काफले , पशुपति घिमिरे , चुडामणि रिजाल , भानु गुरागाईँ , लोकनाथ पोखरेल , हेमसागर पोखरेल , जयप्रसाद काफले निर्वाचित भएका छन ।

नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय उप-महासचिव रामचन्द्र अधिकारी कार्यक्रमका प्रमुख अतिथि रहेका थिए भने नेपाल निजामती कर्मचारी संगठनका निवर्तमान महासचिव जीवन काफले , नेकपा एमाले जिल्ला कमिटी अध्यक्ष बावुराम कार्कीलगायतका विशिष्ट अतिथिहरूले कार्यक्रमको सफलताको शुभकामना दिएका थिए । विधानअनुसार समितिको अवधि तीनवर्षे हुनेछ ।

# हरिणको मासुसहित राई पक्राउ



झापा(प्रस)। हरिण काट्दै गरेको अवस्थामा मोरङको लेटाङस्थित हरियाली सामुदायिक वनमा एकजना पक्राउ परेका छन् । शनिवार साँझ ७ बजे लेटाङ -९ स्थित हरियाली सामुदायिक वनमा जाँते-पथरी भित्री सडकखण्डभन्दा अन्दाजी ३सय मिटर पूर्वमा हरिणको मासु काट्दै गरेको अवस्थामा लेटाङ -९ बस्ने ४७ वर्षीय कुमार राई पक्राउ परेका हुन् । अस्थायी प्रहरी चौकी जाँते र इलाका वन कार्यालय मंगलबारेबाट खटिएको संयुक्त टोलीले हरिणको मासुसहित को.११ प ६०५८ नं.को मोटरसाइकल, एक थान खुकुरी, एकथान मोबाइल ,नगद ६ हजार ५६५ रुपैंया बरामद गरेको छ । राईलाई अनुसन्धान तथा कार्वाहीको लागि इलाका वन कार्यालय मंगलबारेमा बुझाइएको छ ।

# मोटरसाइकल दुर्घटनामा दुई प्रहरी गंभीर घाइते

झापा(प्रस)। सुनसरीको धरानमा भएको मोटरसाइकल दुर्घटनामा दुई प्रहरी गंभीर घाइते भएका छन् । शनिवार राति ११.४५ बजे धरान-८ भोटेपुलस्थित धनकुटा-इटहरी सडकखण्डमा डिउटीको सिलसिलामा इलाका प्रहरी कार्यालय धरानबाट भोटेपुलतर्फ जाँदै गरेको को २० प ६५६२ नं.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको थियो । दुर्घटनामा इप्रका धरानमा कार्यरत मोटरसाइकल चालक प्रहरी चौकी महेशपुर झापा दरबन्दी भएका प्रहरी सहायक हवल्दार आईतराज पालुङ्वा लिम्बू र मोटरसाइकलमा पछाडी सवार इप्रका धरान दरबन्दी भएका प्रहरी हवल्दार सुर्तिलाल चौधरी घाइते भएका छन् । दुवैको टाउकोमा चोट लागेको छ । उनीहरुलाई उपचारको लागि बी.पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानमा पठाइएको छ । दुवै घाइतेको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

# एमाले कोशीद्वारा मुन्धुम र किरात विमर्श गोष्ठी

झापा(प्रस) । पाँचथरको फिदिम नगरपालिकास्थित एमाले जिल्ला पार्टी कार्यालयको सभाकक्षमा मुन्धुम संस्कृति विमर्श कार्यक्रम सम्पन्न भएको छ । एमाले पुष्पलाल मदन भण्डारी स्मृति भवनको सभाकक्षमा सम्पन्न कार्यक्रम कला,साहित्य तथा संस्कृति विभाग एमाले प्रदेशद्वारा आयोजना गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि एमाले केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज अइन्द्रसुन्दर नेम्बाङले मुन्धुमको महत्वबारे सारसंक्षेपमा प्रकाश पार्दै वेद,त्रिपिटकलगायत नेपालका सबै धर्म संस्कृतिको समष्टि नै नेपाली संस्कृतिको मौलिक पहिचान रहेको बताए । उनले मुन्धुमलगायत सबै धर्म र संस्कृति हामी सबै नेपालीका हुन् भन्दै मुन्धुममा जीवन जगत्को जुन खालको भौतिक व्याख्या र विश्लेषण रहेको छ, त्यस अनुसार गम्भीर रुपमा प्रशिक्षित गर्नु पर्ने जिकिर गरे ।



विशेष अतिथि एमाले केन्द्रीय सदस्य तथा वरिष्ठ साहित्यकार श्रीप्रसाद जबेगुले मुन्धुम विज्ञ लछामी सेर्मा पापोलिखित मुन्धुम र किरात संस्कृति विषयक गहन तथा विश्लेषणात्मक कार्यपत्रमाथि गम्भीर समीक्षा गर्दै मुन्धुमको सर्वाङ्गीण विषयमा प्रकाश पारे । उनले हाम्रा सबै धर्म, संस्कृति र परम्पराका जीवनोपयोगी,समाज उपयोगी तथा सकारात्मक पक्षहरुको जगेर्ना गर्नु पर्ने बताए । उनले पश्चिमा विकृत संस्कृतिको कुप्रभावबाट बच्न बचाउन हामी सबै अत्यन्त चनाखो हुनुपर्नेमा जोड दिए । संस्कृति विभागका अध्यक्ष,पूर्व सांसद् तथा सांस्कृतिक अभियन्ता खेम नेपालीको अध्यक्षतामा सञ्चालित कार्यक्रममा प्रमुख वक्ता, टिप्पणीकार प्रा.डा. बद्रीविशाल पोखरेलले पार्टी केन्द्र र केन्द्रीय विभागको नै गम्भीर ध्यानाकर्षण गर्ने खालको यस कार्यक्रमको सन्देश बहुआयामिक रहेको बताए । उनले प्रगतिशील सत्ता,सरकार र शक्तिको दीर्घ जीवन प्रगतिशील कला, साहित्य, धर्म र संस्कृतिबिना बिलकुल असम्भव रहेको ठोकुवा गरे । नेकपा एमाले र यसको प्रमुख नेतृत्वलाई होलसेलमा मूल्याङ्कन गर्ने परिपाटीका पछाडि धर्म र संस्कृतिका चरम रुढीग्रस्त धारणा कारक रहेको सप्रमाण चर्चा गरे । डा. पोखरेलले जुन र जुनकिरीमा फरक हुन्न र ? ज्येष्ठ भत्ता दिलाउनु जाति होइन र ? भन्ने गीतको अंश प्रस्तुत गर्दै पुनः अर्को गीतका दुई लाइन,तुइनको कहरबाट जनता जोगायौ,पानी जहाज ग्याँसचुल्हा सपना देखायौ,सरकार दीगो भए देखि सपना पूरा गर्थ्यौं भन्ने गीतको अंश प्रस्तुत गरे । यस्तो अवस्था देखीदेखी तमाम भ्रम र फरहेवका पछि नलाग्न एमालेजन र जनतालाई डा. पोखरेलले आग्रह गरे ।

एमाले जिल्ला अध्यक्ष विमल सापकोटाले यस्ता कार्यक्रमबाट अन्तरजातीय भाषिक, धर्म तथा सांस्कृतिक सद्भाव बृद्धि गर्ने बताए । कार्यक्रममा नेपाली कांग्रेसका प्रतिनिधि महेन्द्र सेलिङ,राप्रपाका प्रतिनिधि प्रयासराज सुवेदी,लोकतान्त्रिक आदिवासी जनजाति महासंघका केन्द्रीय सचिव कृष्णराज तुम्रुक, संस्कृति विभागका सदस्यहरु प्रेम ओझा,राज दिलान्जली,बालचन्द्र आङबोहाङलगायतले मन्तव्य राखेका थिए । अन्तर्क्रियात्मक कार्यक्रमका क्रममा सुजाता बान्तवा,सरस्वती दुमी राई र मुनालगायतले उत्साहपूर्वक जिज्ञासा राखेका थिए । विशेष कारणले कार्यक्रममा उपस्थित हुन नसकेका एमाले कोशी इन्चार्ज शेरधन राई,प्रदेश अध्यक्ष घनश्याम खतिवडा र सचिव राजकुमार भण्डारीले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरेको सभाध्यक्ष नेपालीले बताए ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

- **मेष**: वाणीमा कुशलता आउने दिन परेको छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।
- **वृष**: घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ ।
- **मिथुन**: धन सञ्चयको अवसर प्राप्त हुनेछ । आजको दिन मनोरञ्जनपूर्ण रहनेछ ।
- **कर्कट**: आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ ।
- **सिंह**: आज सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ ।
- **कन्या**: मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ
- **तुला**: बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ । भोजभतेरमा स्वास्थ्यको ख्याल गर्नुहोला ।
- **वृश्चिक**: काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ ।
- **धनु**: आज घर व्यवहारमा झमेला आउनसक्छ । मनमा दुबिधा उत्पन्न हुनेछ ।
- **मकर**: अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । मित्रबाट विशेष सहयोग
- **कुम्भ**: आज सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ
- **मिन**: करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ